हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ६९ पृष्ठ : ४ २०७७ असोज ६ गते मंगलबार (Tuesday 22 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost




## बोक्सी आरोपमा महिला कहिलेसम्म प्रताडित हुने ?

सिरहाको नवराजपुर गाउँपालिका–५ स्थित कुसन्डीका ४५ वर्षीया मूर्तिदेवी यादवलाई बोक्सीको आरोपमा भदौं २८ गते मानव मलमूत्र खुवाएर कुटपीट घटना भयो । कुटपीटबाट अचेत बनेकी मूर्तिदेवी धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैयामा उपचाररत छिन् । अझैपनि उनी बोल्न सक्दिनन् । बोक्सीको आरोपमा कुटपीटबाट गीजालगायत अनुहारको भागको शल्यक्रियाको पर्खाइमा उनी अस्पतालको शैयामा छिन ।





गाउँमा मान्छे पोखरीमा डुबेको र चट्याङ लागेर मृत्यु भएको दोष दिँदै शिव मन्दिर परिसरमा गत भदौं २८ गते मध्यरति धामीको इसारामा वडासदस्य रामउदगार यादवसमेत उपस्थितको भीडले मूर्तिदेवीमाथि कुटपीट भएको थियो । कुटपीट गर्दै मानव मलमूत्र खुवाइसकेर अचेत भएपछि करिब १ बजेपछि मात्र छोडेको पीडितका पति राम नारायण यादवले बताए । घाइते पत्नीको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएपनि बोल्न नसकेको उनले बताए । बेहोस बनाउने गरी कुटपीट घटना हुँदा समेत वडा सदस्य मूकदर्शक बनेको उनले सुनाए ।

भारतबाट ल्याएको धामीको निर्देशन पञ्चायतीमा धेरैजनाको भीड रहेपनि धर्मनाथ यादव, उनको छोरा सन्तोष, देवनाथ, पशुपति, महेश र ब्रहम यादवले रक्ताम्य हुने गरी कुटपीट गरेको रामनारायणले बताए ।

पीडित मूर्तिदेवीका छोरा गणेशका अनुसार राति शिवमन्दिरमा भक्ता खेलेका (चिन्ता बसेका) सीमावर्ती भारतीय गाउँ तोरियाहीबाट आएका धामीले मूर्तिदेवी बोक्सी भएको ठहर गर्दै त्यसपछि राति नै आमालाई लछारपछार पारी रक्ताम्य हुनेगरि कुटपीट गरेका थिए । गाउँमा धर्मनाथकी छोरी बिरामी भएकी थिइन् । पोखरीमा डुबेर एक छिमेकीको मृत्यु भएको थियो । चट्याङ लागेर अर्का एकजनाको मृत्यु भएको थियो । यो सबैको मृत्युको कारण मूर्तिदेवी भएको धामीले चिन्ता बस्ने क्रममा सुझाएका थिए । वडासदस्य रामउदगार यादवसँग सम्पर्क हुन सकेन । नवराजपुर गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष मनोज यादवले कुसण्डी गाउँमा कुटपीट घटना भएको सुनेपनि के कारणले घटना भएको हो भन्ने जानकारी नभएको बताए । 'कुटपीट घटना भएको भन्ने सुने,' वडाध्यक्ष यादवले भने, 'तर यही कारणले हो भन्ने जानकारी भएन, वडा कार्यालयमा अहिलेसम्म कोही पनि सम्पर्कमा आएका छैनन् ।'

उनका अनुसार घटना भएको कुसुण्डी गाउँमै दुई जना सदस्य रामउदगार यादव र महिला सदस्य दु :खनी साफी भएपनि कोहीसँग सम्पर्क नभएको बताए ।

**८ जना विरुद्ध मुद्धा दर्ता**

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार घटनामा संलग्न आरोपमा ८ जना विरुद्ध 'भेदभाव तथा अन्य अपमानजनक व्यवहार सम्बन्धि कुसर अन्तर्गत बोक्सीको आरोप शिर्षकमा मुद्धा दर्ता गरिएको छ । मूर्तिदेवीका पति राम नारायण यादवले जाहेरी दिएको र घटनाको बारेमा अनुसन्धान भइरहेको सिरहाका प्रहरी नायव उपरीक्षक शालिकराम पौडेलले जानकारी दिए ।

## प्रदेश २ मा ७६ कोरोना संक्रमित थपिए

**लहान ।** प्रदेश २ मा सोमबार १८ जना महिलासहित ७६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै यस प्रदेशमा संक्रमितको संख्या १३ हजार २२ पुगेको छ ।

सामाजिक विकास मन्त्रालयका निमित्त निर्देशक विजय कुमार झाका अनुसार पछिल्लो २४ घण्टामा रौतहटमा २६, सप्तरीमा २४, महोत्तरीमा १४, सर्लाहीमा ७, बारामा १, पर्सामा १ जनामा कोरोना पुष्टि भएको छ । यस्तै वीरगन्जमा भएको कोरोना परीक्षणमा दुई भारतीय नागरिक समेत संक्रमित भेटिएका छन् ।

यस्तै पछिल्लो २४ घण्टामै ४३ पुरूष र ६ महिला कोरोनामुक्त भएको मन्त्रालयले जनाएको छ । योसँगै हालसम्म ७ हजार ९३ जना कोरोना जितेर घर फर्किसकेका छन् । जसमध्ये ८१० महिला छन् ।

बाँकी ३ पेजमा

### कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**गोलबजार नगरपालिका कार्यालय, सिरहा**

## कोभिड प्रतिकार्य सहजीकरण सम्बन्धि अभिमुखिकरण

**लहान ।** प्रदेश तथा स्थानीय सरोकारवालाहरूका लागि कोभिड प्रतिकार्य सहजीकरणका लागि लहानमा एकदिने अभिमुखिकरण कार्यक्रम गरिएको छ ।



लहान नगरपालिका र एनडिआरनेट प्रदेश २ द्वारा आयोजित कार्यक्रममा कोरोनाको असरबाट बच्न स्थानीय निकाय, स्वास्थ्य संस्था, संघसंस्थाको भूमिका साथै साझा रणनिति तयार गर्न होम क्वारेण्टाइन, होम आइसोलेसनको मापदण्ड विषयमा छलफल गरिएको थियो । सरकार, स्थानीय मानवीय संस्था तथा निजी क्षेत्रहरू बीचको अन्तरसम्बन्ध तथा समन्वयलाई सम्बाद मार्फत सुधार गर्दै, आपसी स्रोत आदान प्रदान गरि विपद्का विभिन्न अवस्थामा साझेदारीको विकास गर्न कार्यक्रमबाट सहयोग पुग्ने अपेक्षा लिएको आयोजकले

बाँकी ३ पेजमा

भित्री पृष्ठमा

धर्म, ईश्वर र नियति
पेज २ मा

शिक्षाको अधिकार र स्थानीय सरकार : अवसर र चुनौतिहरु
स्तम्भ : पालिका बहस
पेज ४ मा




फ्रेन्डस मोडल हस्पिटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## माइजनजनहरुलाई परिवर्तनको वातावरण तयार गरौं

नेपालको संविधान, ऐन, कानूनहरु पश्चिमा संस्कृतिबाट प्रभावित छ । तर गाउँघरको जातीय रुपमा स्थापित 'माइनजन' प्रथा पूर्वीय दर्शनबाट प्रभावित छन् । त्यसैले माइजनको निर्णय र अहिले नेपालमा बनेका नयाँ नयाँ कानुनबीच तालमेल नमिलेको हो ।

नेपाल धेरै जातिहरु बसोबास गर्ने फुलबारी हो । यहाँ जातिहरुको आ–आफ्नै मूल्य मान्यताहरु छन् । ती मूल्य मान्यताहरु नेपालमा कानुन नै नबन्दाको अवस्थामा स्थापित मूल्य मान्यताहरु हुन । जुनबेला नेपालमा संविधान नै थिएन । मूखै कानुनको अवस्था थियो त्यसबेला पनि माइनजन प्रथा कायम थियो । कुनै जाती विशेषको दैनिकी सञ्चालन गर्दा आइपर्ने समस्याहरु समाधान गर्न समुदायले नै आफै नियम बनाउने र त्यो नियम माइजन मार्फत, मडर मार्फत, वा अन्य विभिन्न जातीको विभिन्न नामका मूखिया मार्फत कार्यान्वयन गरिने चलन चलि आएको हो । जुनबेला त्यो मान्यता स्थापित भयो । त्यो बेला त्यो नै विकल्प थियो । अहिले राज्यले धेरै कानुनहरु बनाई सकेकोले नागरिकले देशको कानुन पनि मान्नु पर्दछ र जातिय आधारमा उनीहरुले आफ्नो जातीय नियमहरुको पनि पालना गर्नु पर्दछ ।

जातीय संस्कार, संस्कृति, मूल्य मान्यताहरुलाई हामीले सम्मान गर्नु पर्दछ । सांस्कृतिक रुपमा, जातीय रुपमा मानिएको मूल्य मान्यताको विरोध हुनेगरी कुनै गतिविधि राज्यले समेत गरिदिनु हुँदैन । अहिलेको बैज्ञानिक यूगमा केही जातीय नियमहरु अवैज्ञानिक वा अहिलेको परिवर्तित समय सुहाँउदो नहुन सक्छ । त्यसलाई जातिय रुपमा ती जातीय समुदायका मानिसले परिवर्तित स्थिति अनुसार आफ्नो केही रुढीवादी परम्परालाई परिमार्जन गर्नु आवश्यक छ । तर त्यो परिमार्जन गर्न प्रशासनको डण्डा होइन सहयोगी भूमिका हुनु पर्दछ ।

माइजनहरुले पछिल्लो पटक धेरै नियमलाई उनीहरुले नै परिवर्तन गरिसकेका छन् । तर २० बर्ष पछि मात्र विवाह गर्ने नियमलाई उनीहरुले छोरीको सन्दर्भमा लागू गर्न नसकिरहेको अवस्था भने विद्यमान छ । छोरीको १६ बर्षदेखि नै विवाह गर्न दिने नियम राज्यले बनाउनु पर्दछ भन्ने उनीहरुको माग छ । छोरीका अभिभावकहरु अहिले पनि छोरीको विवाह गर्न २० बर्ष कुर्न चाहिरहेका छैनन् । साथै कतिपय जातिमा अन्तरजातीय विवाहलाई अहिले पनि स्वीकार गर्ने चलन छैन । प्रेम विवाह गर्न चाहने युवाहरुले आफ्नो जातीय नियम मान्नु पर्दा कतिपय प्रेम विवाहसम्म नपुगि दुर्घटनामा पुगेको छ । तर त्यो संख्या धेरै कम भइरहेको छ । माइनजनहरु सकभर प्रेम विवाहलाई पनि स्वीकार गरिरहेका छन् । यसमा घर परिवारलाई सम्झाइ बुझाइ गर्न सक्ने क्षमता भएका माइनजनहरुले यो गर्न सकिरहेका छन् । तर केही माइनजनहरु कट्टर पुरानो मान्यता लागू गर्न अग्रसर छन् । यस्तोमा माइजनहरुलाई विभिन्न निकायहरु मार्फत अहिलेको परिवर्तित समय अनुसार जातीय नियमहरुमा पनि परिवर्तन गर्न सहमत बनाउने प्रयास गरिनु पर्दछ ।

मूख्य कुरा के हो भने समाज, संस्कृति, रितिरिवाज परिवर्तनशील छ । र यो परिवर्तन गराउने प्रक्रिया आफै पनि परिवर्तनशील छ । समाजमा परिवर्तन कानुन बनाएर मात्र ल्याउन सकिदैन । यसका लागि परिवर्तनको वातावरण तयार गर्नु पनि सरकारको मुख्य दायित्व हो ।

सूचना ! सूचना !! सूचना !!!

लहान नगरपालिका–३ मा बस्नु हुने राग्नी रायको 'प्लस टु' उतीर्णको माइग्रेसन सर्टिफिकेट घरदेखि सहिद चौकसम्म जाने क्रममा हराएको हुनाले पाउनु हुने महानुभावलाई मोबाइल नम्बर ९८२४७३९२४० मा सम्पर्क गरी जानकारी गराईदिनु हुन अनुरोध छ ।

अनुरोधकर्ता
राग्नी राय
लहान–३

# धर्म, ईश्वर र नियति

## बिपी कोइराला राजनीतिक अभिलेख

अघिल्लो अंकको बाँकी

हामी कविता पढ्छौँ । तपाईंहरूलाई अलि रमाइलो गरौँ भन्ने लाग्यो भने आफ्ना प्रेयसीलाई गुलाबसँग वा चन्द्रमासँग तुलना गर्नुहुन्छ होला । यो तुलना के हो ? साँच्चैको कुरा हो ? तपाईंले कसैलाई माया गर्नुभयोभने उसको अनुहार 'चन्द्रमा' जस्तो छ भन्नुहुन्छ । तपाईंलाई त्यो अनुहार चन्द्रमा नै हो कि भनेर भ्रम हुन्छ । यो भ्रम साँचो कुरा हो ? एउटी केटीलाई गुलाबजस्तो सुन्दर छे भन्नु भौतिक दृष्टिबाट झूटो होइन ? तर त्यो कविको आँखाले हेर्नुभयोभने त्यो झूटो कुरा हो त ? मैले जयप्रकाश नारायणसँग के भनेँ भने 'तपाईंले माया गरेकी केटीका बारेमा तपाईंलाई त्यो चन्द्रमाजस्ती उज्याली छ, गुलाबजस्ती सुन्दर छ भन्ने भ्रम भएन भने त तपाईंले उनलाई माया नै गर्नुभएन । होइन, तपाईंले त्यो त केटी हो, सामान्य स्वास्नीमानिस हो, मासु र हाडबाट बनेको एउटा शरीर हो मात्रै भन्नुभयोभने तपाईंले उनलाई यथेष्ट किसिमले माया नै गर्नु भएन, तपाईंलाई मायाको अनुभव नै भएन ।'

कालिदासले कैलाशको वर्णन गर्दा भनेका छन्, 'त्र्यम्बकले हाँस्दाखेरि जस्तो किसिमको उज्यालो हुन्छ, त्यो धर्म हो र त्यसैको राशिकृत जमेर कैलाश बनेको हो ।' उनले 'त्र्यम्बकस्य अट्ट' भनेका छन् । यसको अर्थ हुन्छ, 'त्र्यम्बकले खुला दिलले अट्टहास गर्दा निस्केको चमक सधैं थपिंदाथपिंदा कैलाश बनेको हो ।' अब, यो कुरो झूटो होइन त ? तर तपाईं त्यही झूटो अनुभवगरेर खुसी हुनुहुन्छ कि हुनुहुन्न ? कस्तो फाल्तु कुरा भनेको, यस्तो पनि यथार्थ कुरा हुन्छ, यो त झूटो कुरो हो भन्नुभयोभने तपाईंको व्यक्तित्त्वको एउटा अंश सुकेको रहेछ, त्यसमा रस नै रहेनछ भन्नुपर्छ । धर्म भनेको त्यस क्षेत्रको कुरा हो, जसमा कविले भन्छ, 'शंकर बस्ने कैलाश उनको हाँसो जमेर बनेको हो ।' यसो हुनाले, म धर्मको विरुद्धमा त छँदैछैन, पटक्कै छैन । तर सबैलाई थाहा छ, म धर्मको अभ्यास भने गर्दिनँ ।

म कहिलेकाहीं पशुपतिनाथ जान्छु, बनारसमा हुँदा विश्वनाथको मन्दिरमा जान्छु । त्यहाँ मैले के देखेको छु भने हजारौँ, लाखौँ मानिस ती देवतका अगाडि, ती नबोल्ने पत्थरका मूर्तिका अगाडि आर्तनाद गरिरहेका हुन्छन् । त्यसमा हृदय छ कि छैन, उसले सुन्छ कि सुन्दैन, त्यो पनि मलाई थाहा छ । जो अरूको अगाडि आँखाको आँसु देखाउन चाहँदैनन्, उनीहरू त्यसको अगाडि त्यहाँ खुलेआम र सबैको अगाडि देवताको सम्मुखमा बसेर, बच्चालाई लिएर कुनै किसिमको लाज नमानी रोएका छन् । त्यो मैले सुनेको छु, । उनीहरू बच्चालाई नकरा भनेर थप्पड पनि लगाइरहेका छन् । म त्यहाँ विश्वको एउटा रूप देख्छु । हाम्रो जीवनमा, सामाजिक जीवन मात्र छैन, अति करूणामय जीवन पनि छ र त्यसले अथाह सम्वेदना खोजिरहेको छ । हामी त त्यस्तो गर्दैनौं तर त्यहाँ गएर त्यो कुरा थाहा पाइन्छ । क्यान्सर अस्पतालमा त्यसरी रुने त्यो स्वास्नीमान्छेको मलाई गहिरो छाप परेको छ । मैले सक्ने भए उनका लागि केही गर्ने थिएँ भन्ने लागेको छ ।

हाम्रो जीवनमा मानिसले मानिससँग गर्नुपर्ने करूणाको कत्रो खाँचो रहेछ, समवेदनाको कत्रो खाँचो रहेछ भन्ने कुरा मैले मन्दिरहरूमा देखेको छु । मानिसहरू पत्थरसँग जुन पुकार गर्दछन्, त्यसमा हामीबाट सहयोग हुनुपर्ने भन्ने जस्तो भावना जाग्छ । मलाई धर्म र मन्दिरले कुनै प्रभाव पारेको छ भने त्यो यही प्रभाव हो । अर्काको दुःख पीडामा समवेदनाको भावना मभित्र जागृत हुन्छ भने मलाई सुसंस्कृत भन्छन् । त्यस्तो भावना मभित्र अरू समय पनि जागृत भएको छ, मन्दिरमा जाँदा त झन् भएको छ । मन्दिरको आसपासमा कोढीहरू बसेका हुन्छन् । मन्दिरलाई सफा गर्न कोढीलाई हटाऊ भनेको मलाई ठीक लाग्दैन । आखिर उनीहरू देवताको अगाडि जान पाउँदैनन् भने कहाँ जाऊन् ? समाजले त तिनलाई तिरस्कार गरेको छ । तिनको ठाउँ त जहाँ देवता छन्, त्यही नै हो । तिरस्कृत भएर कुनै सहारा पाएका छैनन्, कतै केही छैन, र त तिनीहरू त्यहाँ पुगेका छन् । त्यसलाई देख्दा र अनुभव गर्दा मलाई लाग्छ, ' तिनीहरूको सम्बन्धमा केही कुरा गर्नु मेरो पनि कर्तव्य हो ।' त्यहाँ सहानुभूति जागृत हुन्छ । त्यस्तो सहानुभूति जागृत गराउन सक्ने तत्त्व त मन्दिरमा रहेछ नि ।

मैले कुनै पनि मन्दिरमा गएर मलाई यसो गरिदेऊ भनेको छैन । त्यसमा मलाई पत्यारै लाग्दैन । किनभने, त्यहाँ मभन्दा धेरै खाँचो भएका मानिसहरू पुगेका छन् र देवतामा पूरा भरोसा पनि गर्दछन् । मैले उनीहरूको पुकार पनि पूरा नभएको देखिरहेको छु भने मेरो माग किन पूरा हुन्छ ? त्यसो हुनाले, म मन्दिर वा देवतासँग केही माग्दै माग्दिनँ । तर मन्दिरमा जाँदा सम्वेदनशीलता र अर्काप्रति करूणाको भावना मभित्र जागृत हुन्छ । मलाई लाग्छ, मेरा निम्ति मन्दिरको महत्त्व त्यही हो । म बनारसको विश्वनाथ मन्दिर र यहाँको पशुपतिनाथ मन्दिरमा जान्छु । विश्वनाथ मन्दिरमा भने पानीले भिजेर भुइँ लफलफ भएको हुन्छ, यहाँ त त्यती हुँदैन । जुत्ता फुकालेर जाऊ भन्छन् । तर, फर्केर आएपछि जुत्ता लगाउनै मन लाग्दैन, जुत्तै बिग्रिन्छजस्तो हुन्छ । त्यहाँ बच्चा, बृद्ध सबै गएका हुन्छन् । उनीहरूले पानी लगेका हुन्छन्, दूध हाल्छन्, फूल–प्रसाद चढाउँछन् । त्यहाँ करूणाको एउटा ठूलो लहर बगेको हुन्छ । म मन्दिर जान्छु, तर देवताबाट कुनै आशा गरेर जाँदिन । तर त्यहाँको वातावरणबाट म केही न केही प्राप्त गर्दछु ।

मेरो क्यान्सरको निदान भइसकेको थिएन । हालैको कुरा हो । म पेरिस पुगेर आएपछि बनारसमा दस–बाह्र दिन बसेँ । त्यहाँ हाम्रो डेरा जहाँ छ, त्यहीँ दुर्गाजीको मन्दिर पनि छ । दसैँमा दुर्गाजीको मन्दिरको खूब महिमा हुन्छ । त्यहाँ अष्टमीसम्म भीड लागिरहेको हुन्छ । दसैँको दिनभने अलिकम्ती भीड हुन्छ । मैले माथिबाट हेरिरहेको थिएँ । छोरी थिई, उसलाई मसँग हिँड् भनेँ । एघार बजेतिर चप्पल लगाएर म त्यहाँ गएँ । त्यतिबेला पनि त्यहाँ भीड रहेछ । एउटा डोरी लगाएर स्वास्नी मानिस र लोग्ने मानिसको पङ्क्तिमा छुट्याएको रहेछ । म स्वास्नी मानिसको पङ्क्तिमा परेँछु । मानिसहरूले त्यो स्वास्नी मानिसहरूको पङ्क्ति हो भनेपछि म अर्कोपट्टि गएँ । मैले दुर्गाजीलाई केही भन्नुपर्ने पनि थिएन, प्रसाद पनि लगेको थिइनँ । म एक छिनसम्म त्यहीँ रहेँ र मन्दिरलाई दाहिने पारेर परिक्रमा पनि गरेँ । मैले त्यसो गरेको त्यहाँका पूजारीहरूले देखेछन् । मेरो व्यवहार मलाईजस्तो लाग्छ, उनीहरूलाई पनि त्यस्तै अनौठो लागेछ । मैले पाइजामा र कुर्ता लगाएको थिएँ र खद्दरको एउटा सानो खास्टो ओढेको थिएँ । त्यो पूजारीले पर्खपर्ख भन्यो । मैले अरू कसैलाई भनेको होला भन्ने सोचेँ र बाहिर निस्केँ । नरिवल, माला र मिठाईहरू लिएर पूजारी दौडदै मतर्फ आए । उनले भने, 'हम कबसे आपको पुकार रहे हैं, आप तो दनादन निकल गये । यह आपके लिये है ।' मैले उसलाई चिनेको पनि छैन । म छक्क परेँ ।

मैले उनलाई 'धन्यवाद' भनेँ र डेरामा आएँ । मैंले त्यहाँ पूजा गरेको पनि होइन, दक्षिणा चढाएको पनि होइन, नरिवल चढाएको पनि होइन, मिठाई वा फुलमाला पनि चढाएको होइन । बरु, त्यसले फूलमाला, नरिवल र मिठाई मलाई नै दियो । त्यो, मसँग परिचय भएकाले दिएको पनि होइन । तर उसले विचार गरिरहेको रहेछ, 'यो आउँछ, सबैले दूना बोहोतामा केही न केही लिएर आउँछन्, यसले त्यो पनि ल्याएको हुँदैन, पहिले स्वास्नी मानिसको हुलमा जान्छ, अनि, मन्दिरको परिक्रमा गर्छ र जान्छ ।' उसलाई मेरो यस्तो व्यवहारबाट लागेछ, 'यो साधारण किसिमको भक्त रहेनछ । हो न हो, यो अर्कै किसिमको भक्त रहेछ ।' त्यही हुनाले उसले मलाई प्रसाद दिएको थियो । पूजारीको दृष्टिबाट त म एक किसिमले ठूलो भक्त रहेछु नि ! यद्यपि, मैले बतासा दिइनँ, नरिवल आदि केही चढाइनँ, तर पनि म उसको नजरमा त भक्त रहेछु नि !

म नास्तिक हुँ कि होइन भनेर सोध्दा मैले बताउनुपर्दछ । 'त्यो सच्चा ऐतिहासिक घटना हो ?' भनेर शिव पुराणमा वर्णन भएको शिवका सम्बन्धमा मसँग सोधियो भने म त्यसलाई सत्य मान्दिनँ । यस अर्थमा म नास्तिक हुँ । मान्छे मरेपछि के–के हुन्छ भन्ने

————बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

## कोभिड ...

जनाएको छ । सामाजिक संस्थाका प्रतिनिधि, स्वास्थ्य कार्यालयका प्रतिनिधि, जनप्रतिनिधि, सञ्चारकर्मी, गैरसरकारी संस्था, सुरक्षाकर्मी लगायत सरोकारवाला निकायको प्रतिनिधि सम्मिलित कार्यक्रममा सामाजिक संस्थाका सुनिल कुमार साह र जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले प्रशिक्षण दिएका थिए ।

स्थानीय सरकार, निजी क्षेत्र र स्थानीय मानवीय संगठनहरुमा रहेको विद्यमान कन्ट्याक्ट ट्रेसिङ र क्वारेन्टाइन व्यवस्थापन क्षमतालाई अभिवृद्धि गरी एकीकृत प्रयास विस्तार गर्न यस कार्यक्रमले भूमिका खेल्ने एनडिरनेटका दुर्गा परियारले बताए ।

विश्व स्वास्थ्य संगठनले मार्च ११ मा कोभिड १९ लाई 'महामारी' को रुपमा घोषणा गरे पश्चात नेपाल सरकारले यसको रोकथामका लागि विभिन्न उपायहरु गर्दै आएको र संक्रमण रोकथाम र यसबाट जनतामा रहेको त्रासलाइ कम गर्नका लागि धेरै प्रयास गरिरहेको जानकारी दिदैं परियारले यसका बावजुद विद्यमान अवस्थामा जोखिम संचार र जनचेतना फैलाउने सामग्रीको विकास र प्रसार गरि र्सवसाधारणसम्म यसको यथार्थ सूचना सम्प्रेषणको थप आवश्यकता महसुस भएको बताए ।

उनले सर्वसाधारणसम्म महामारीको जोखिम सम्बन्धि सूचना र जनचेतना फैलाउने, कोरोना भाइरस र यसको संक्रमणबारे जनचेतनामूलक सामग्रीहरू स्थानीय तथा प्रचलित भाषामा तयार गरि लक्षित समुदायमा पुऱ्याउन सहयोग गरिने बताए । त्यसका लागि प्रसार सामाग्रीहरू हाल स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रबाट उत्पादित अथवा आवश्यक परेमा नयाँ उत्पादन गरिने जानकारी दिदैं उनले यसका अतीरित्त रेडियो तथा टेलिभिजन प्रसारणका लागि सामग्री तयार गरि जनचेतनाका लागि सर्वसाधारणसम्म पुऱ्याउने काम समेत गरिने बताए ।

## प्रदेश २ ...

पछिल्लो २४ घण्टामै यस प्रदेशको सप्तरीमा २ जनाको कोरोनाबाट ज्यान गएको छ । सप्तरीको विष्णुपुर गाउँपालिका–४ की ६२ वर्षीया महिला र विष्णुपुर गाउँपालिका–१ पर्साहीका ५५ वर्षीय पुरूषको कोरोनाकै कारण ज्यान गएको मन्त्रालयले जनाएको छ ।

हालसम्म प्रदेश २ मा कोरोना भाइरसको संक्रमणबाट ज्यान गुमाउनेको संख्या १२२ पुगेको छ । जसमध्ये १९ जना महिला छन् ।

## धर्म ...

गरूड पुराणमा भनिएको कुरा पनि म मान्दिनँ । त्यसमा पनि म नास्तिक भएँ । तर प्रतीकात्मकरूपबाट भन्ने हो भने म त्यसका धेरै कुरा मान्छु । त्यसो हुनाले कुनै खास कुराको सम्बन्धमा मेरो आस्था छ वा छैन भनेर मैले बताइ दिनुपर्दछ । धेरै कुराको बारेमा म जान्दिनँ । त्यसो हुनलो म भनिदिन्छु, 'अङ्ग्रेजीमा एउटा शब्द छ, जसले नास्तिक पनि होइन, आस्तिक पनि होइन भन्ने बुझाउँछ ।' त्यस्ता व्यक्तिलाई 'एड्नोस्टिक' भन्छन् । उसले आफ्नो मनमा प्रश्नचिह्न राख्छ, यो झूटो होइन पनि भन्दैन, यो साँचो हो पनि भन्दैन । ऊ मेरो मस्तिष्क खुला छ भन्छ ।

मानिसहरू पुनर्जन्मको कुरा गर्छन् । म यस विषयको पण्डित होइन । मेरा आफ्नै धारणाहरू छन् । बुद्ध धर्मको मात्र होइन, हिन्दूधर्म को विचारमा पनि मान्छे वासनाको अनुकूल रहेसम्म उसले त्यसको भोग गर्न जन्म लिइरहनु पर्छ । त्यसो हुनाले ती धर्मले भन्दछन्, 'तिमीले मोक्षको लक्ष्यप्राप्तिका लागि ज्यादाभन्दा ज्यादा कोसिस गर्नुपर्दछ । जन्मेपछि दुःख त पाउनैपर्दछ । यो जीवनबाट मुक्ति पाउनु नै मोक्ष हो । जबसम्म यसबाट मुक्ति पाइँदैन, चक्करमा परिरहिन्छ ।' यद्यपि, मलाई जन्मेपछि मर्नु त्यस्तो दुःखको कुरो लाग्दैन, तर धर्मका प्रवर्तकहरू भने त्यसलाई किन दुःख मान्दछन् मलाई थाहा छैन ।

हामीले जन्मनुभन्दा पहिलेनै संस्कार लिएर आएका हुन्छौँ । हामी हाम्रा बाबुआमाको, हाम्रो समाजको, हाम्रो जातिको संस्कारमा आएका छौँ । तपाई अमेरिकी समाजमा जन्मनु भएन, त्यो तपाईंको भाग्य हो । तपाईंले जस्ता बाबुआमा पाउनुभयो, त्यो पनि तपाईंको नियति वा भाग्य हो । मानिसले मेरो यस्तो भाग्य रहेछ भनेको त्यो पुर्पुरोमा लेखिएको हुन्छ भनेको होइन । तपाईंले आफूलाई जुन समाजमा पाउनुहुन्छ, तपाईंले जस्तो आँखा पाउनुहुन्छ, त्यो तपाईंको वशभन्दा बाहिरका कुरा हो । अर्थात्, भाग्य त्यही हो । तपाईंसँग स्वतन्त्र निर्णय लिने सानो क्षेत्र मात्र छ, अरू सबै कुरो त पहिलेदेखि नै निर्धारित छ भन्ने कुरो मान्ने हो भने तपाईंको नियति त पहिलेदेखि नै तय भएर आएको रहेछ । त्यो पहिले नै तय भइसकेको कुरालाई तपाईं भाग्य भन्नुस् । तपाईं यहाँ नेपालमा जन्मनु नै तपाईंको अर्कै किसिमले प्रारब्ध हुनु थियो । त्यस दृष्टिबाट म प्रारब्धलाई मान्दछु । मैले आफ्नो बुद्धिको क्षमता छान्न पाइँन, मैले आफ्नो छाला गोरो वा कालो कस्तो हुने हो त्यो चुन्न पाइँन । मलाई यी धेरै महत्त्वपूर्ण कुराहरू पहिले नै कसैले छानेर दियो । 'प्रारब्ध' त्यही हो, 'नियति' त्यही हो, 'भाग्य' त्यही हो । तसर्थ, हामीले एउटा सानो क्षेत्रमा अलिकति मात्र स्वतन्त्रता पाएका छौँ । यही कुरालाई धर्म मान्ने मान्छेहरू भन्दछन्, त्यो अलिकति स्वतन्त्रतामा पनि तिम्रो नियतिले तिमीलाई झन्झन् बाँधेर नलगोस् भनेर मुक्त हुनका लागि प्रयत्न गर ! अतिरिक्त कामनाले गर्दा नै मानिसले भोग गर्दछ, त्यसलाई परित्याग गर्न वा त्यसमाथि विजय प्राप्त गर्नुपर्दछ, यही सबैले भन्दछन् । कसैले जोगी भएर हठयोगद्वारा त्यसमाथि विजय पाउने कुरा भनेको छ, कसैले भोगद्वारा त्यसलाई सिध्याऊ भनेको छ । अङ्ग्रेजीमा एकजनाले भनेको छ, कुनै लोभ छ भने त्यसबाट मुक्त हुने दुई तरिका छन् । त्यसतर्फ पिठ्यूँ फर्काइदिनु पहिलो तरिका हो । तर पिठ्यूँ फर्काएर त मानिसको लोभ जस्ताको त्यस्तै बनिरहन्छ । लोभ त सिद्धिँदैन । तिमीले फेरि त्यो नसिद्धिएको लोभको भोग गर्छौ । मेरो अगाडि जो रुन सक्तैन, जसले मलाई आफ्नो आँसु देखाउन चाहँदैन, त्यसको आँखाको आँसु पनि मैले देखेको छु ।

ममाथि धर्मको ठूलो असर परेको छ । तर मलाई कसैले 'बिहान नुहाउँछस् कि नुहाँउदैनस् ?, जनै लगाउँछस् कि लगाउँदैनस् ? टुप्पी छ कि छैन ?, आस्तिक होस् कि नास्तिक होस् ?' भनेर सोध्यो भने यो सबै गर्नु निरर्थक लाग्छ । मैले 'म देवताकहाँ कहिल्यै पनि प्रार्थना गर्दिनँ भनिसकेको छु । देवताले मलाईभन्दा बढी आवश्यकता परेका मानिसहरूको प्रार्थना सुन्न सकेका छैनन् भन्ने मैले देखेको छु । त्यसो हुँदा मेरो कुरा पुग्छ भनेर म किन दम्भ पालौं र म प्रार्थना गरौं ? त्यस्तो दम्भ मसँग छैन । त्यसो हुनाले नै मैले कहिल्यै देवताको प्रार्थना गरिनँ । *सन् १९७९ (२०३६) स्रोत : राष्ट्रपुकार साप्ताहिक*

## कुलमानको बहिर्गमनपछि लाइन जाने क्रम बढेको हो ?

पछिल्लो समय विद्युत कटौती बढेको गुनासा सामाजिक सञ्जालमा आउन थालेका छन् । पूर्वसूचना नदिई घण्टौं लाइन काटिनुलाई धेरै उपभोक्ताहरूले कार्यकारी निर्देशकबाट कुलमान घिसिङको बहिर्गमनसँग जोडेका छन् । आम उपभक्ताको आशंका छ, अब फेरि लोडसेडिङ हुने त होइन ?

लाइन काटिने क्रम बढेको गुनासो समाजिक सञ्जालमा चुलिएपछि सरकार पनि दबावमा आएको छ । ऊर्जा, जलश्रोत तथा सिंचाइँ मन्त्री वर्षमान पुनको सचिवालयले सोमबार विद्युत कटौतीबारे प्रष्टीकरण नै दिनु पऱ्यो । मर्मतका लागि लाइन काट्दा ग्राहकमा भ्रम पर्न गएको मन्त्रालयले बताएको छ ।

मन्त्री पुनको सचिवालयले पूर्वजानकारी बिना विद्युत सेवा नियमित नभएको अवस्थामा ऊर्जामन्त्रीको सचिवालय वा नेपाल विद्युत प्राधिकरणको केन्द्रीय कार्यालयमा तत्काल खबर गर्न अनुरोध गरेको छ । र, सचिवालयको हटलाइन ११५१ मा २४ सै घण्टा वा ९८५११०९८३५ मा फोन गर्न सकिने जानकारी दिएको छ ।

**जातातते गुनासा**

उर्जा मन्त्रालय र विद्युत प्राधिकरण विद्युत आपूर्ति कटौती बढेको मान्न तयार छैनन् । उपभोक्ताहरू भने झ्याप्प–झ्याप्प लाइन जाने क्रम बढेको गुनासो गरिरहेका छन् ।

हेटौंडाकी दिलु घर्तीले फेसबुकमा आक्रोश पोख्दै लेखेकी छिन्, 'हिजोआज कति जान थालेको हो यो लाइन पनि ! अब विद्युत प्राधिकरण घेराउ गर्न जानुपर्छ जस्तो छ ।'

यस्ता गुनासा अहिले समाजिक सञ्जालमा बग्रेल्ती भेटिन्छन् । धेरैले लोडसेडिङ हो कि भन्ने प्रश्न उठाएका छन् ।

**नेतृत्व परिवर्तनले हो ?**

भदौ २८ गते कुलमान घिसिङको कार्यकाल सकिएसँगै लाइन जाने क्रम बढेकाले पनि आंशकाहरू व्यक्त भएका छन् । घिसिङलाई औपचारिक विदाइ गरेको भदौ ३१ गते विद्युत वितरण प्रणाली सबभन्दा धेरै अवरूद्व भएको थियो ।

६३० मेगावाट आवर इनर्जी विद्युत आपूर्तिमा अवरोध भएको त्यो दिन २४ हजार ६१२ मेगावाट आवर माग थियो । खपत भने २३ हजार ९८२ मेगावाट आवर मात्र भयो । ६ लाख ३० हजार युनिट बिजुली माग भएर पनि वितरण हुन सकेन । अविरल वर्षा, बाढीपहिरो र हावाहुरीका कारण वितरण लाइनमा विभिन्न अवरोध हुँदा मागअनुसार बिजुली पुग्दैन । तर, पछिल्ला दिनमा त्यतिधेरै मौसमी समस्या छैनन् ।

तर, भदौ ३१ पछिका दिनमा पनि विभिन्न स्थानमा प्राविधिक कारणले विद्युत कटौती भइरहेको छ । यसैकारण गुनासो चुलिएको मन्त्रालयको आकलन छ । तर नेतृत्व परिवर्तनपछि प्राधिकरणमा विद्युतको आपूर्तितर्फको व्यवस्थापन कमजोर देखिन थालेको मन्त्रालयका एक अधिकारी बताउँछन् । माग धान्न बिजुली पर्याप्त भएपनि पूर्वाधार कमजोर भएकाले आपूर्तिको व्यवस्थापन चुनौती रहेको उनको भनाइ छ ।

वितरण केन्द्रलाई प्राधिकरण नेतृत्व तहबाट दिइने दबाब र प्रोत्साहन कम भएर हेलचेक्र्याइँ बढेको उनको निश्कर्ष छ । 'नेतृत्व परिवर्तन हुने भएपछि एक महिनाअघिबाटै तलका बिजुली अड्डामा माथिको कुरालाई बेवास्ता गर्ने क्रम सुरू भएको थियो,' उनी भन्छन्, 'पहिले लाइन गयो भनेपछि माथिको गाली खाइन्छ भनेर छिटो हुने मर्मतका काम अहिले आनन्दले गर्ने शैली देखिन थालेको छ ।'

प्राधिकरणका सम्बन्धित कर्मचारीले ग्राहकको फोनको रेस्पोन्स नगर्ने, गरेपनि ढिलो गर्ने र समयमै काम नसक्ने कारणले जनगुनासो चुलिएको ती अधिकारी बताउँछन् । कुलमानमाथि ग्राहकको बढी भरोसा भएका कारण पनि अहिले केहीबेर लाइन जानासाथ आशंका जन्मिने गरेको ती अधिकारीको भनाइ छ ।

**लोडसेडिङ होइन, प्राविधिक समस्या**

प्राविधिकबाहेक अन्य कारणले लाइन काट्नुपर्ने अवस्था अहिले नरहेको प्राधिकरण पनि बताउँछ । निमित्त कार्यकारी निर्देशक लेखनाथ कोइराला विभिन्न स्थानमा भइरहेका सडक

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाइरसबाट बच्ने उपायहरू :
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# शिक्षाको अधिकार र स्थानीय सरकार : अवसर र चुनौतिहरु

**पालिका बहस**

**धरणिधर अधिकारी**



नेपालको संविधान २०७२ ले राज्य शक्तिको प्रयोग, अधिकार र शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तह समेत गरि तीनै तहको सुनिश्चितता गरेको छ । राज्य शक्तिको बाँडफाँड गर्ने क्रममा आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षासँग सम्बन्धित सम्पूर्ण कार्य स्थानीय तहको जिम्मामा राखेको छ । संघीय संविधान र संघीय ऐन, कानुनको अधिनमा रहि गाउँ र नगरको कार्यपालिकामा स्थानीय तहको अधिकार रहने व्यवस्था गरिएको छ । नेपालको संविधानको अनुसूचि ८ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत राखेको छ । तथापि अनुसूचि ९ ले शिक्षालाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा समेत उल्लेख गरेको समेत देखिन्छ ।

शिक्षा अन्तर्गत आधारभूत, माध्यमिक, उच्च शिक्षा वा विश्वविद्यालय शिक्षा, अनौपचारिक शिक्षा, दूरशिक्षा सबै बुझिएता पनि आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको मुलभूत जिम्मेवारी र उत्तरदायित्व स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत रहेको कुरा प्रष्ट छ । संघीय तथा प्रादेशिक शिक्षा ऐन र नियमावलीको हाल सम्म पनि पूर्णता नभए तापनि स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद-३ को दफा-११(ज) ले स्थानीय तहलाई आधारभूत र माध्यमिक तह सम्मको शिक्षा सम्बन्धि अधिकारका सम्बन्धमा २३ वटा महत्वपूर्ण जिम्मेवारी स्पष्टसंग तोकिदिएको छ । यो ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको परिधि भित्र रही स्थानीय तहको सरकारले देहाय बमोजिमका कार्यहरू गर्न सक्ने ब्यवस्था उल्लेखित छ ।

**स्थानीय तहको सरकारका शिक्षा सम्बन्धि काम, कर्तव्य र अधिकारहरू:**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अविभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामूदायिक सिकाइ, विशेष शिक्षा सम्बन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा ।

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, संचालन, व्यवस्थापन र नियमन ।

३.प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, संचालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन ।

४.मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन ।

५.गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन ।

६.गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन ।

७.विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन ।

८.विद्यालयको नामाकरण ।

९.सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन ।

१०.विद्यालयको गुणस्तर अभिबृद्धि तथा पाठ्य सामग्रीको वितरण ।

११.सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान ।

१२.विद्यालयको नक्सांकन, अनुमति, स्विकृति, समायोजन तथा नियमन ।

१३.सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन ।

१४.आधारभूत तहको परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन ।

१५.विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा व्यवस्थापन ।

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।

१७.ट्युसन, कोचिंग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन ।

१८.स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रबर्द्धन र स्तरिकरण ।

१९.स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन ।

२०.माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।

२१.सामूदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन ।

२२.शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास ।

२३.अतिरिक्त शैक्षिक कृयाकलापको संचालन ।

**स्थानीय तहलाई अवसर**

व्यक्ति, परिवार, समुदाय एवं राष्ट्रको विकासको परिसूचक नै शिक्षा हो । शिक्षाको विकास विना मानव विकास सम्भव छैन । त्यसमा पनि आधारभूत तहको शिक्षाले बालबालिकामा आधारभूत ज्ञान, सीप र चेतनाको विकास गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले स्थानीय तहको कार्याधिकार भित्र आधारभूत शिक्षाको महत्वपूर्ण जिम्मेवारी आएको छ, त्यसको सही सदुपयोग गरि बालबालिकालाई बालविकास देखि आधारभूत तहसम्म उनीहरूको मातृभाषा तथा भाषिक ज्ञानको अभिबृद्धि गर्न, मातृभाषा शिक्षण केन्द्रहरूको स्थापना, बालमैत्री बालविकास केन्द्रहरूको निर्माण गरि उनीहरूलाई विद्यालय प्रति आकर्षण गर्ने अवसर पनि प्राप्त भएको छ । विद्यालय भर्ना दर अभिबृद्धि गर्न आवश्यक योजना निर्माण गर्ने अवसर मिलेको छ । संविधानले निर्दिष्ट गरेको आधारभूत तह सम्मको अनिवार्य एवं निःशुल्क शिक्षा सहितको मौलिक अधिकारको कार्यान्वयनकालागि स्थानीय तहलाई ठूलो अवसर र जिम्मेवारी प्राप्त भएको छ । त्यसैगरी नागरिकको व्यक्तिगत विकास गर्नकालागि साबमुदायिक सूचना केन्द्रहरूको स्थापना, पुस्तकालयहरूको स्थापना, विकास र प्रबर्द्धन गर्ने अवसर प्राप्त भएको छ ।

समाजमा भएका आर्थिक, सामाजिक-सांस्कृतिक रूपमा पछाडि परेका महिला, दलित, मधेसी, आदिवासी, अल्पसंख्यक, सीमान्तिकृत समुदाय, अपांगता भएका बालबालिकाहरूको संरक्षण र तिनलाई शिक्षामा सहज पहूँचकालागि विशेष नीति नियम बनाइ तिनलाई शिक्षाको मूलधारमा समाहित गरि समाज विकासमा समाविष्ट गरि सामाजिक न्याय प्रदान गर्ने अवसर समेत प्राप्त भएको छ । सदियौंदेखि शिक्षा विकासका लागि केन्द्र र केन्द्रीय सरकारको मुख ताक्नु पर्ने बाध्यताको अन्त्य समेत भएको छ । केन्द्रीय वा संघीय सरकारले केहि गरेन भन्नु भन्दा पनि अब स्थानीय सरकारले आफ्नो गाउँ-नगरको आवश्यकता र चाहना बमोजिमको स्थानीय श्रोत र साधनको प्रयोग गरि शिक्षाको विकास गर्ने सुअवसर प्राप्त भएको छ ।

केन्द्रिकृत मानसिकताबाट माथि उठेर शिक्षामा लगानी गर्नु पर्ने हुन्छ । जबसम्म नागरिकको चेतना, ज्ञान, सीपको स्तरमा अभिबृद्धि हुँदैन तबसम्म अन्य भौतिक विकास समेत बाँदरको हातमा नरिवल सावित हुनेछ । नागरिकले विकासको महत्व बुझ्ने छैनन् । शिक्षाको विकास संगसंगै सामाजिक-सांस्कृतिक चेतना, परमपरागत र रूढिवादी विचार र गलत मान्यताहरूको न्यूनिकरण एवं अन्त्य, स्वास्थ्य, वातावरणीय संरक्षण, पर्यावरणीय प्रबर्द्धन, सरसफाइ, फोहोर-मैलाको उचित व्यवस्थापन, भौतिक विकास निर्माणको संरक्षण, भ्रष्टाचारमा कमी, आर्थिक पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व जस्ता कुराहरूको स्वअनुभूतिको श्रृजना हुन जान्छ । तसर्थ स्थानीय तहको सरकार र नेतृत्वले शिक्षामा लगानीलाई मुख्य प्राथमिकतामा राखी बजेट बिनियोजन गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

**स्थानीय तहका चुनौतिहरू**

आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन, नियमन र कार्यान्वयनको अधिकार र तत् सम्बन्धि अवसरहरू संविधान, ऐन र नियममा लिपिबद्ध भएको भएता पनि शिक्षाको विकासमा स्थानीय सरकार र स्थानीय तहकालागि ठूला चुनौतिहरू पनि थपिने छन् । चुनौतिहरू देहाय बमोजिम छन् ।

१. सदियौं वर्षदेखि केन्द्रिकृत रूपमा रहेका शिक्षा नीति, ऐन, नियम र निर्देशिकाका साथै संविधानको अनुसूचि-९ मा रहेका शिक्षा सम्बन्धि संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार र तिनले उब्जाएका केन्द्रिकृत मानसिकताले स्थानीय तहले निर्दिष्ट गरेका शिक्षाका लक्ष्य र उद्देश्य हाँसिल गर्न बाधक बन्नेछन् ।

२. सीमित श्रोत र साधन भएका स्थानीय तहले शैक्षिक विकासकालागि आवश्यक शैक्षिक तथा भौतिक पूर्वाधार निर्माण र विकासकालागि बजेट अभावको सामना गर्नु पर्नेछ ।

३. शिक्षा क्षेत्रमा भएको सदियौंदेखिको जकडिएको राजनीतिक स्वार्थ, खिचातानी, नातावाद-कृपावाद र राजनैतिक आग्रह-दूराग्रह शिक्षाको विकासमा बाधक बन्न सक्नेछ ।

४.स्थानीय तहका जनप्रतिनिधिहरूको शिक्षाका सरोकारवाला प्रधानाध्यापक, शिक्षक, कर्मचारी, व्यवस्थापन समिति, अविभावक, शैक्षिक संस्था संचालक आदि प्रतिको राजनैतिक आस्था, विचारका आधारमा हुने प्रतिशोध र आग्रह-दूराग्रह । जसका कारण समग्र स्थानीय तहको शिक्षाको व्यवस्थापन र विकासमा द्वन्द्वको श्रृजना हुन गई शिक्षा क्षेत्रमा नकारात्मक असर पर्न सक्छ ।

५. शिक्षक कर्मचारीको नियुक्ति र बढुवामा राम्रो मान्छे भन्दा पनि हाम्रो मान्छेको छनौटको सम्भावना र शिक्षक सरूवा आदिमा राजनितिक दूराग्रहले सृजित समस्या ।

६. शिक्षक कर्मचारी, अविभावकका पेशागत तथा अधिकारमूखि संघ-संगठनको निजी,सामूहिक तथा सांगठनिक एवं पेशागत स्वार्थ तथा तिनबाट श्रृजित द्वन्द्वको उचित व्यवस्थापन हुन नसक्दा स्थानीय शिक्षा विकासमा बाधा पुग्न सक्छ ।

७. शिक्षक कर्मचारीको पेशागत क्षमता अभिबृद्धिकालागि तालिम-गोष्ठी, सेमिनार, अध्ययन-भ्रमणको व्यवस्थापन र संचालनमा बजेट अभाव र कार्यान्वयनमा समस्या हुन सक्छ ।

८. स्थानीय जनप्रतिनिधिको अदूरदर्शिता, राजनैतिक लाभ-हानीको लेखाजोखाले राजनैतिक पूर्वाग्रहको श्रृजना भई सरोकारवालाहरूसंगको द्वन्द्व र त्यसबाट दूरगामी समस्या उत्पन्न हुन सक्छ । चेतना भया ।

## कुलमानको ...

बिस्तार र मर्मतका क्रममा लाइन काटिने गरेको बताउँछन् । विजुलीको माग जति भएपनि धान्नसक्ने अवस्था रहेकाले आपुर्तिमा भएको अवरोधलाई लोडसेडिङ नभन्न उनको आग्रह छ । कति ठाउँमा फिडर मर्मतको काम गर्नुपर्छ, सडक विस्तारका लागि पोल सार्नुपर्छ,' कोइरालाले भने, यस्तै कामका लागिबाहेक लाइन काट्नुपर्ने अवस्था छैन ।'

कतिपय ठाउँमा ट्रान्सर्फमर फेर्न पनि लाइन काटिने गरेको उनले बताए । मर्मतको लागि छोटो अवधि लाइन कार्टिंदा धैर्य गर्न उपभोक्तालाई उनको आग्रह छ । 'सबै वितरण केन्द्रलाई पूर्वसूचना वा जानकारी दिएर मात्र लाइन काट्न निर्देशन दिएको छु,' उनले अनलाइनखबरसँग भने, 'लाइन जानुअघि उपभोक्तालाई सामाजिक सञ्जालबाटै भएपनि जानकारी दिइनुपर्छ ।' निमित्त कार्यकारी निर्देशक कोइरालाका अनुसार अहिले मौसम सामान्य रहेकाले वितरण लाइनमा ठूलो प्राविधिक समस्या छैन । 'मौसम परिवर्तनको समय नआइसकेकाले अहिले देखिएका समस्या सामान्य हुन्न', उनले भने, 'कतै समस्या आए मर्मतका लागि तुरून्त प्रविधिक टोली परिचालन गर्न निर्देशन दिएका छौं ।'

प्राधिकरणको भारप्रेषण केन्द्रका अनुसार अहिले पिक आवर (विहान र साँझ)मा १२२५ देखि १२५० मेगावाटसम्म विद्युत माग छ । पिक आवरमा प्राधिकरणका आयोजनाबाट ५०० मेगावाट र करिब ५५० मेवा निजी जलविद्युत कम्पनीबाट लिइन्छ । अपुग हुने १०० देखि १८० मेगावाट भारतबाट आयात गरिन्छ । अहिलेको पिक आवरमा करिब १४०० सय मेगावाट बिजुली माग हुने प्रक्षेपण थियो । तर, कोरोना महामारीका कारण उद्योग, होटल, सिनेमा हल लगायतबाट हुने माग घटेकाले माग प्रक्षेपण भन्दा निकै तल छ । *अनलाइन खबरबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाइरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)